

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अड्क २६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज १८ गते शुक्रबार ❑ 4 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी प्रदेशले बाढीपहिरो प्रभावितकालागि सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज



गण्डकी प्रदेश सरकारले बाढीपहिरो प्रभावित नागरिकको सहायताका लागि ५० लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ।

बिहिवार बसेको मन्त्रिपरिषद् को बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख रुपैयाँ सहयोगगर्ने निर्णय गरेको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताए ।

गतसाता परेको वर्षाले उपत्यकालगायत देशैभरका विभिन्न स्थानमा बाढी पहिरोबाट ज्यान गुमाएकाहरु प्रति श्रद्धान्जली अर्पण गर्दै वेपत्ताको खोजी, घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना समेत बैठकले गरेको छ । 'विपद्का कारण काठमाडौ उपत्यका सहित देशभर ठूलो मानवीय र भौतिक क्षति भयो, यो विपत्तिको सामना हामीसबै मिलेर गर्नुपर्छ भन्ने धेयले प्रदेश सरकारले सहयोग गर्ने निर्णय गरेको हो' मुख्यमन्त्री पाण्डेले भने ।

यस अघि जाजरकोट र रुकुम पश्चिममा भूकम्प प्रभावितहरूका लागि गण्डकी प्रदेश सरकारले एक करोड रुपैयाँ सहयोग गरेको थियो । साथै प्रदेश सरकारले विपद्बाट प्रभावित नागरिकको उद्धार, उपचार, राहत, पुननिर्माणलगायतका कार्यमा संघ सरकारसँग आवश्यक समन्वय निरन्तर गर्ने जनाएको छ ।

यस्तै बैठकले गण्डकी प्रदेश भित्र विपद्का कारण भएको क्षतीको अध्ययन गर्न समिति गठन गरेको छ । पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयका महानिर्देशक डा. प्रेरणा सेढाईको संयोजकत्वमा उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयका सिडिई हरिदत्त पौडेल र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उप सचिव प्रविण ढकाल सदस्य रहनेगरी समिति गठन गरिएको हो ।

समितिले प्रदेशभर विपद्ले पुऱ्याएको क्षतीको मूल्याङ्कन गरी काम सुरु गरेको १५ दिन भित्र सुझाव सहितको प्रतिवेदन सरकार समक्ष पेश गर्नेछ ।

## घटेन गण्डकीमा डेङ्गी सङ्क्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

गण्डकी प्रदेशमा हालसम्म एघार हजार पाँच सय ९० जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार गत सेप्टेम्बर महिनामा मात्र छ हजार चार सय ३४ जनामा डेङ्गीको सङ्क्रमण देखिएको छ । गत जनवरीमा जम्मा ७० जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएकामा त्यसयताका नौ महिनामा सङ्क्रमितको संख्या बढेर साढे एघार हजारभन्दा माथि पुगेको हो । मन्त्रालयका सूचना अधिकारी एवं वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत प्रशान्तराज शर्माले गत जुलाईयता डेङ्गीको सङ्क्रमण दर बढ्दै गएको बताउनुभयो । जुलाईमा सात सय २८ र अगष्टमा चार हजार ८३ जनामा डेङ्गी देखिएको उहाँले जानकारी दिनुभयो । सबैभन्दा बढी कास्कीमा पाँच हजार नौ सय २८ र सबैभन्दा कम मनाङमा जम्मा दुई जनामा उक्त रोगको सङ्क्रमणको पुष्टि भएको हो ।

शिक्षा अधिकृत शर्माले दिएको जनाएअनुसार हालसम्म तनहुँमा २७ सय ३८, पर्वतमा एक हजार ६३, गोरखामा पाँच सय ९२, बागलुङमा तीन सय ९५, स्याङ्जामा तीन सय ९३, म्याग्दीमा एक सय ८९, नवलपुरमा एक सय ७४, लमजुङमा एक सय आठ र मुस्ताङमा आठ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ । डेङ्गीका कारण हालसम्म प्रदेशभित्र तीन पुरुष र चार महिला गरी सात जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । मृत्यु हुनेमा कास्कीका चार महिला र एक पुरुष, तनहुँ र म्याग्दीका एक/एक जना पुरुष छन् ।

डेङ्गीबाट सबैभन्दा बढी कास्कीको पोखरा महानगरपालिका प्रभावित भएको छ । महानगरको स्वास्थ्य महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले महानगरमा हालसम्म पाँच हजार आठ सय ४८ जनामा सङ्क्रमण पुष्टि भएको छ । असारदेखि कात्तिकसम्म डेङ्गी सङ्क्रमणको बढी जोखिम हुने उहाँको भनाइ छ । यस रोगबाट बच्न लामखुट्टको टोकाइबाट बच्नु सबैभन्दा उत्तम उपाय भएको रेग्मीले बताउनुभयो । महानगरपालिकाले लामखट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान वडा तहदेखि नै सुरु गरेको भएपनि डेङ्गी रोकथाम चुनौतीपूर्ण बन्दै गएको उहाँको भनाइ छ । "वर्षा रोकिएको केही दिनपछि डेङ्गीको सङ्क्रमण फैलने जोखिम उच्च हुने हुनाले समुदायका सबैले सजगता अपनाउनुपर्छ" रेग्मीले भन्नुभयो ।चार प्रकारको भाइरसबाट मानिसमा डेङ्गी सङ्क्रमण हुने गरेको चिकित्सक बताउँछन् । समयमा उपचार नभए डेङ्गीबाट बिरामीको मृत्युसमेत हुनसक्ने भएकाले विशेष स्वास्थ्य सचेतना अपनाउनुपर्ने उनीहरुको सुझाव छ । डेङ्गीको फाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुडा आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गर्नुपर्ने जनाइएको छ । डेङ्गी 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने गर्छ । यो लामखुट्टले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा हुर्काउने गर्छ । डेङ्गीको सङ्क्रमणपछि एक्कासी उच्च ज्वरो आउने, रक्तस्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखा गर्ने जनाइएको छ । यो रोगको खास उपचार नभएकाले लक्षणअनुसार औषधोपचार गर्ने गरिएको चिकित्सकले जनाएका छन् ।

## यसवर्ष च्याङग्राको मूल्य सस्तीयो

**रासस**
म्याग्दी, १७ असोज

दसैं पर्वका लागि मुस्ताङबाट ल्याइएको च्याङ्ग्राको मूल्य यसपटक सस्तो भएको छ । च्याङ्ग्राको सङ्ख्या बढेको र विगतका वर्षमा बजारमा ल्याएको च्याङ्ग्राको मूल्य महंगो हुँदा व्यापार नभएपछि यसपटक कृषकहरुलेनै बिक्री मूल्य घटाएका हुन् ।

गत वर्ष खोरमै प्रतिगोटा ४० हजार भन्दा बढी मूल्य तिरेर च्याङ्ग्रा खरिद गरेका ब्यापारी टसी छेवाङ गुरुङले यसपाली ३० देखि ३३ हजारमा किसानबाट खरिद गरेको बताउनुभयो ।

"ठाउँ अनुसार पाँच देखि १० हजार कम मूल्यमा च्याङ्ग्रा खरिद भएकाले बिक्री गर्ने मूल्य पनि घटाएका हौ," उहाँले भन्नुभयो "गत वर्ष काठमाडौ पोखरामा प्रतिगोटा रु. ५५ हजारसम्म परेको च्याङ्ग्राको मूल्य यसपाली रु. ४५ हजार भन्दा कम हुन्छ ।" गत वर्ष बजारमा ल्याएको च्याङ्ग्रा महंगी हुँदा बिक्री नभएर व्यापारीले नोक्सान व्यहोरेको गुनासो गरेका थिए ।

छेवाङ सहित डोल्पाका चार जना व्यापारीले मुस्ताङ हुँदै पाँच दिन हिडेर दुई सय ५० च्याङ्ग्रा बिक्री गर्न पोखरा लैजानका लागि बुधबार म्याग्दीको घोडेपानी पुग्नुभएको छ । मुस्ताङका साथै डोल्पा र मुगुबाट ल्याइएका च्याङ्ग्राहरु दसैमा बिक्रीका लागि म्याग्दी हुँदै देशका विभिन्न सहर बजारमा पुग्न थालेका छन् ।

म्याग्दी, कास्की, पर्वत, बागलुङ, काठमाडौ लगायत ठाउँबाट च्याङ्ग्रा खरिद गर्नका लागि व्यापारीहरु मुस्ताङ पुगेर फर्किन थालेका हुन् । जडिवुडीयुक्त बुकीमा चरेका च्याङ्ग्राको मासु पोषिलो, तागतिलो र स्वस्थर मानिन्छ । दसैं तिहारमा हिमाली च्याङ्ग्राको मासुको खपत बढी हुने गर्छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका प्रमख लालमणी अर्यालका अनुसार बुधबार सम्म सात हजार च्याङ्ग्रा जोमसोम देखि म्याग्दीतर्फ झरेका छन् । यस वर्ष दसैंका लागि मुस्ताङबाट दश हजार च्याङ्ग्रा बिक्री हुने अनुमान गरिएको छ । मुस्ताङबाट म्याग्दीको बेनीसम्म दुई देखि तीन दिन हिँडाएर ल्याएका च्याङ्ग्रा बेनीदेखि ट्रक र गाडीमा राखेर देशका विभिन्न ठाउँमा लैजाने गरिन्छ ।

तीन वर्ष पुरा भएका च्याङ्ग्रा मासुका लागि बिक्री हुने गर्छ । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा ५० हजार च्याङ्ग्रा पालिएका छन् । उपल्लो मुस्ताङका कृषकको मुख्य आयस्रोत च्याङ्ग्रापालन भएको लोघेकर दामोदरकुण्ड गाउँपालिका-४ याराका कृषक डिण्डुप गुरुङले बताउनुभयो । विसं २०८० मा सात हजार, २०७९ मा छ हजार आठ सय, २०७८ मा १२ हजार र २०७६ अघि वार्षिक २० देखि २५ हजारको संख्यामा मुस्ताङबाट भेडाच्याङ्ग्रा निकासी भएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्याङ्क छ ।

## क्षतिग्रस्त पुल र सडक निर्माण गर्न २५ अर्ब लाग्ने

**रासस**
काठमाडौं, १७ असोज

गत साता मुलुकका विभिन्न स्थानमा गएको बाढीपहिरोका कारण भत्किएका सडक तथा पुलको स्थायी मर्मत गर्न रु २० अर्बदेखि २५ अर्ब लागत लाग्ने अनुमान गरिएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले क्षतिग्रस्त सडक निरीक्षणपछि संरचनाहरुको स्थायी रुपमा सुधार गर्न सो बराबरको बजेट आवश्यक भएको जनाएको छ । मन्त्री देवेन्द्र दाहालले बाढीपहिरोमा परी अलपत्र परेका यात्रु एवम् यातायात मजदुरलाई यथाशीघ्र उद्धार एवम् राहत उपलव्ध गराउन गृहमन्त्रालयलाई अनुरोधसहित पत्राचार भएको समेत बताउनुभयो । "विषम परिस्थितिका कारण उत्पन्न हुनसक्ने दुर्घटना एवम् जोखिम कम गर्न अतिआवश्यक काम बाहेक यात्रा नगर्न र गर्नै परे सावधानी र सतर्कता अपनाउन अनुरोध गरिएको छ", उहाँले भन्नुभयो, "असोज १२ गतेबाट अग्रिम टिकक बुकिङ गरेर यात्रुहरुलाई सुरक्षित ढङ्गले प्राथमिकता दिई यात्रुहरुलाई गन्तव्य स्थलमा पुऱ्याउन यातायात व्यवसायी, नेपाल प्रहरी र नयाँ बसपार्क व्यवस्थापनसँग समन्वय गरिएको छ ।" काठमाडौंबाट छुट्ने यात्रुबाहक बसलाई उज्यालो छँदै गन्तव्यमा पुग्ने गरी समन्वय गरिएको उहाँको भनाइ छ । मन्त्रालयका अनुसार क्षतिको विस्तृत विवरण सङ्कलन जारी छ । प्रारम्भिकअनुमान अनुसार सडक तथा पुलतर्फ अस्थायी यातायात चालु गर्न मात्र रु तीन अर्ब लाग्ने देखिएको छ । मन्त्रालयकासचिव केशवकुमार शर्माले गत हप्ताको भीषण वर्षाका कारण ३४ वटा राजमार्गहरुका आठ सय पाँच स्थानमा पहिरो गई सडक अवरुद्ध भएकोमा सात सय ७४ स्थानको पहिरो हटाउने काम सकिएको बताउनुभयो ।


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## बाढीपहिराबाट तनहुँमा एक करोड क्षति

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

हालैको बाढीपहिराबाट तनहुँको कृषि क्षेत्रमा रु एक करोड बढीको क्षति भएको छ। कृषि ज्ञान केन्द्रका अनुसार बाढीपहिराबाट देवघाट, आँबुखैरेनी, बन्दीपुर र ऋषिङ गाउँपालिकामा मकै, बोडी, मास, कोदो, काउली, धान बालीमा रु एक करोड आठ लाख आठ हजार ३७० बराबरको क्षति भएको छ ।

वर्षा र बाढीपहिराले जिल्लाका ६७ हेक्टर क्षेत्रफलमा लगाइएका कृषिबालीमा क्षति भएको छ । देवघाटमा मकै, बोडी, मास, आँबुखैरेनीमा हिउँदे मकै, धान, कोदो, बन्दीपुरमा धानबालीमा हानी भएको छ । देवघाट गाउँपालिका-२, ३ र ५ मा बाढीबाट मकै, बोडी, मास, कोदो, काउली नष्ट हुँदा रु ५० हजार बराबरको क्षति भएको छ। पहिराबाट बोडी बीउ क्षति हुँदा रु एक लाख क्षति भएको छ । बाढीले धानखेतमा क्षति हुँदा रु दुई लाख ४० हजार बराबरको क्षति भएको केन्द्रले जनाएको छ । आँबुखैरेनी गाउँपालिकाका विभिन्न वडामा वर्षाका कारण हिँउदे मकै, धान, कोदो तथा दलहन बाली, तरकारी क्षति हुँदा रु ८६ लाख ७० हजार ५७० बराबरको क्षति भएको छ।

बन्दीपुर गाउँपालिकाका विभिन्न वडामा बाढीपहिराले धानमा क्षति हुँदा रु १५ लाख ९१ हजार ८०० बराबरको क्षति भएको छ । ऋषिङ गाउँपालिकास्थित पहिराले कोदोमा क्षति हुँदा रु ६० हजार र सुन्तलाबोट ढल्दा रु ९६ हजार बराबरको क्षति भएको छ।


### धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर

◆दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वास सम्बन्धी समस्या देखा पर्ने,

◆बारम्बार रुघाखोकी लाग्ने,

◆कानको संक्रमण भई श्रवण शक्ति कम हुने,

◆क्यान्सरको सम्भावना बढ्ने भएकोले,

धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'एमेच्युअर फुटबल'मा प्रेसियस ब्यूटी स्टुडियो च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, १७ असोज

पोखरा महानगरपालिका १५ नयाँगाउँमा सम्पन्न विकास प्रिजेन्टस् सिक्स ए साइड एमेच्युअर फुटबल प्रतियोगितामा प्रेसियस ब्यूटी स्टुडियो च्याम्पियन बनेको छ।

गोर्खाज बुटक्याम्पको खेलमैदानमा आज भएको फाइनल खेलमा चाउथे एफसीलाई

२-१ गोल अन्तरले पराजित गर्दै ब्यूटी स्टुडियो च्याम्पियन बनेको हो। कार्यक्रम संयोजक रोमन मगरका अनुसार ब्यूटी स्टुडियोको जीतमा अंकित गुरुङ र युनिक तामाङले समान १ गोल गरे भने चाउँथेका लागि सुजन गुरुङले सान्त्वना १ गोल फर्काए। च्याम्पियन बनेको ब्यूटी



स्टुडियोले नगद रु ६० हजार, शिल्ड तथा प्रमाणपत्र प्राप्त गर्यो। यस्तै उपविजेता बनेको चाउँथेले नगद रु ३० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो। कुल २६ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेता तथा उपविजेता टोलीलाई नेपाल किसान महासंघ युवा समिति केन्द्रिय सदस्य प्रितम गुरूङ, नेपाली कांग्रेसका वडा १५ का सभापति शुसिलराज पराजुली, नेपाल लोकतान्त्रिक खेलकुद संघ जिल्ला कास्की सचिव राजेश गौतम, नेपाली कांग्रेसका वडा १५ का कोषाध्यक्ष टेक बहादुर भण्डारी, क्षेत्रीय प्रतिनिधि कल्पना अधिकारी बाँनिया, राजेन्द्र पराजुली, सन्तोष मिया, नयाँगाउँ क्लबका कोषाध्यक्ष सन्तोष गुरुङ, दोस्रो पुरस्कार प्रायोजक इन्द्र कुमारी गुरुङ, फ्याङ्कलिन एजुकेशनका अध्यक्ष गंगा बहादुर खड्का, नयाँगाउँ क्लबका सदस्य विदुर गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए। प्रतियोगितामा विधागततर्फको पुरस्कार समय अभावका कारण घोषणा गर्न नसकेको जानकारी गराउँदै शुक्रबार एक कार्यक्रमकाबीच पुरकृत गरिने प्रतियोगिताका परिकल्पनाकार विकास गुरुङले जानकारी दिए। उनका अनुसार उत्कृष्ट खेलाडी, उदीयमान खेलाडी, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर तथा सर्वाधिक गोलकर्तालाई जनही ३ हजार रुपैयाँले पुरस्कृत गरिनेछ। भने, एउटा अनुशासित टिमलाई नगद रु ५ हजार प्रदान गरिनेछ।

# 'पौराणिक आदर्श नारीहरू' पुस्तक बिहीवार पोखरामा लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, १७ असोज

आख्यानकार शोभाकर बरालद्वारा लिखित दोश्रो कृती पौराणिक आख्यान 'पौराणिक आदर्श नारीहरू' पुस्तक बिहीवार पोखरामा लोकार्पण गरिएको छ।

पुस्तकको जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष लिलाधर पौडेलले लोपार्पण गर्नुभएको हो। सो अबशरमा पौडेलले साहित्यले स्थानिय परिबेश र कला संस्कृतिको बिकास, प्रचार र सम्वर्द्धनमा महत्त्वपूर्ण भुमिका खेल्ने बताउनुभयो। पौडेलले साहित्य समाजको ऐना समेत भएको हुँदा सृजनशिल लेखक साहित्यकारहरू गहिरो अनुसन्धान र विश्लेषण सहित सृजनामा केन्द्रीत हुँदा पाठकको इच्छा अनुसारको कृति सम्भब हुने उल्लेख गर्दै पौराणिक बिषयबस्तुको सृजना पौराणिक आदर्श नारीहरू नामक आख्यान नेपाली साहित्य र संस्कृतिको क्षेत्रमा महत्त्वपूर्ण दस्ताबेज हुने बिश्वास व्यक्त



गर्नुभयो। सो कार्यक्रममा आख्यानको प्राध्यापक रामनाथ ओझाले समिक्षा प्रस्तुत गर्नुभएको थियो भने टंक पौडेलले आख्यानकार शोभाकर बरालको जीवनकालको बारेमा चर्चा गर्नुभएको थियो। कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का बिखर्चो, गीतकार तथा गजलकार दुर्गा शाह बाबा,वरिष्ठ लेखक रबिन्द्र माकाजु, प्राध्यापक राम नाथ ओझा ,प्राचार्य नरनाथ बराल, पोखरा महानगर वडा न२२ का वडाअध्यक्ष हिमलाल बराल सहितले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। स्रष्टा समाज पुम्दीभुम्दिका उपाध्यक्ष एबम संगीतकार नवराज बरालको अध्यक्षको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संचालन ध्रुब बरालर स्वागत लक्ष्मी बरालले गर्नुभएको थियो। ३७ बर्ष अध्यापन पेशामा सम्लग्न भएर हाल अबकासपूर्ण जीवन बिताइरहनु भएका बरालको जन्म बि. स. २००३ सालमा कास्कीको साबिक पुम्दीभुम्दी गा बि स हालको पोखरा २२ ठुलिबिडिमा भएको थियो। बरालको यसअघि २०७९ सालमा मैले टेकेको धर्ति नामक पुस्तक प्रकाशित छ।

# नेकपा (एस) पोखरा -१३ वडा कमिटीको शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, १७ असोज

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) पोखरा १३ वडा कमिटीले बिहीबार वडादशैं २०८१ को उपलक्ष्यमा शुभकामना आदानप्रदान तथा भेटघाट कार्यक्रमको आयोजना गर्‍यो।

कार्यक्रममा नेकपा (एस) का केन्दिय सचिव श्रीनाथ बरालले पार्टीको दशौं महाधिवेशन सम्पन्न भय पश्चात केही कार्यक्रमहरु पास गरेर अगाडी बढेको बताउँदै सबै कार्यक्रमहरु समाजवाद उन्मुख , जनताको पक्षमा जनताकै अधिकारका लागी रहेको बताए। उनले एकीकृत समाजवादी पार्टी अब जनताको घर घरमा जाने



र सडक सदनबाट खबरदारी गर्ने बताए।' पार्टी जन्मदा सानो हुन्छ , तर उसका निति कार्यक्रम ले ठूलो हुने हो भन्दै सचिव बरालले नेकपा (एसी ) ले विस्तारै आकार बढाउँदै लगेको र यो पार्टी आगामी निर्वाचन सम्म एक नं पार्टी बन्ने दावी गरे। कार्यक्रममा नेकपा (एस) का केन्द्रिय सदस्य कृष्ण नेपाली, गण्डकी प्रदेश सदस्यहरु जीतबहादुर रसाईली, विवेक भुजेल, जिल्ला कमिटी अध्यक्ष खड्ग हमाल, उपाध्यक्ष पूर्ण लामा, सचिव डीबी राई, जिल्ला कमिटी सदस्य बिनोद बराल, महानगर कमिटी अध्यक्ष मुक्ती पोखरेल, उपाध्यक्ष प्रेम थापा, समाजवादी प्रेस संगठन नेपालका केन्द्रिय उपाध्यक्ष श्रीराम सिग्देल, एकीकृत सरकारी कर्मचारी संगठनका केन्द्रीय सचीव बाबुराम बराल, महागार कमिटी सदस्य शालिक बराल लगायतले शुभकामना मन्तब्य राखेका थिए।

कार्यक्रम वडाकमिटी अध्यक्ष भोजराज बरालको अध्यक्षतामा भएको थियो भने स्वागत उपाध्यक्ष नवराज बरालले गरेका थिए भने कार्यक्रम सञ्चालन सह सचिव रबिमोहन बरालले गरेका थिए।

# गोरखा दरबारमा विधिपूर्वक जमरा राखियो

पोखरापत्र संवाददाता
गोरखा, १७ असोज

गोरखा दरबारको दसैंघरमा आज विधिपूर्वक जमरा राखिएको छ।

नवरात्रको पहिलो दिन घटस्थापनाका अवसरमा मूलदरबारस्थित दसैंघर, कालिका र गोरखनाथ मन्दिरमा बिहान ९:१६ बजेको साइतमा जमरा राखिएको गोरखकाली मन्दिरका मूल पुजारी शारदाप्रसाद भट्टराईले जानकारी दिनुभयो।

परम्पराअनुसार बिहान सबेरै गोरखकाली मन्दिरको कैलाश कोठाबाट देवी भगवतीलाई मूल दरबारको गर्भगृह (पूजाकोठा)



मा पदस्थापना गराइ पानी घडा थापेर जमरा राखिएको उहाँले बताउनुभयो। "गोरखा दरबारको जमरा घरमा एक पाथी, कालिका मन्दिरमा र गोरखनाथ मन्दिरमा चार/चार मानाको दरले जौ को जमरा राखिएको छ", उहाँले भन्नुभयो, "उपल्लो कोट, तल्लो कोटहरुमा पनि एक/एक मानाका दरले जमरा राख्ने गरिन्छ, गोरखा दरबारका सबै ठाउँमा कुल तीन पाथीको जमरा राखिएको छ।"

यहाँ जमरा राखेपछि मात्र देशभरका हिन्दू धर्मावलम्बीले घरघरमा जमरा राख्छन् भन्ने मान्यता रहँदै आएको छ। प्रतिपदा सुरु भएसँगै कालिका मन्दिरमा नियमित कालो बोकाको बलि दिने प्रचलन छ।

बडादसैंमा टीकासँगै जमरा लगाउँदा शुभ हुने धार्मिक विश्वास पाइन्छ। घटस्थापनाको दिन राखिएको जमरा विजयादशमीको दिन टीकासँगै लगाउने गरिन्छ।

## क्षतिग्रस्त ...

"२९ वटा राजमार्गमा विभागीय तथा भाडाका यन्त्र उपकरण र जनशक्ति प्रयोग गरी यातायत सञ्चालन गरिसकिएको छ। अझैसम्म पाँच वटा मुख्य राजमार्गका ३१ स्थानमा अवरुद्ध भएको यातायात सञ्चालन गर्न अनवरत प्रयास जारी छ", उहाँले भन्नुभयो, "यसका लागि कतिपय स्थानमा पहिरो हटाउनुका अतिरिक्त कटिङ फिलिङ टेवा पर्खालका साथै ह्युम् पाइप र अस्थायी प्रकृतिको बेलिब्रिज समेत राखी यातायात सञ्चालन गर्नुपर्ने अवस्था छ।" यही असोज ११ र १२ गते आएको अबिरल वर्षाका कारण देशको विभिन्न भागका नदीहरुमा भीषण बाढी आउनुका साथै विभिन्न स्थानमा पहिरो जाँदा ठूलो जनधनको ठूलो क्षति भएको थियो। हाल अरनिको राजमार्गमा लार्चा-कोदारीको पाँच किलोमिटरमा मर्मत सकिएको छैन भने लिपिङ् पुल र लार्चाको बेलिब्रीज बगाएका कारण यातायात अवरुद्ध भएको छ। बिपी राजमार्ग चौकीडाँडा-कालढुङ्गा १८ किमिमध्ये करिव १२ किमि सडक पूर्णरुपमा बगेका कारण केही स्थानमा सवारी साधनहरु रोकिएको अवस्था छ। "रोशी खोलाको पानीको बहावलाई मध्यनजर गरी सम्भव भएसम्मका सबै विकल्पहरु प्रयोग गरी अस्थायी रुपमा यातायात सञ्चालन गरिने छ", सचिव शर्माले भन्नुभयो, "पुष्पलाल (मध्यपहाडी) राजमार्ग दोलालघाट-राकथुम ८० किमि खण्डका धेरै ठाउँमा पहिरो पन्छाउने काम भइरहेको छ।"


## Embassy of India
## Kathmandu (Nepal)

# Vacancy Announcement

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following post for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Physiotherapist | ECHS Polyclinic Pokhara |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the under mentioned address till 24 Oct 2024.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-430232**




# कपालको उपचार

## कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# बंगलादेशसँग विद्युत संझौता

नेपालले उत्पादन गरेको विद्युतको बजार तेस्रो देश भएको छानेपालले भारतपछि बङ्गलादेशमा ४० मेगावाट विद्युत् बिक्रीका लागि बहुप्रतिक्षित त्रिपक्षीय सम्झौता गरेको छ । बिहीबार विशेष समारोहमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, बङ्गलादेशको बङ्गलादेश पावर डेभलपमेन्ट बोर्र्डका अध्यक्ष मोहमद रिजाउल करिम र भारतको 'नोडल एजेन्सी' एनभिभिएनका प्रमुख कार्यकारी अधिकृत रेणु नाराङले हस्ताक्षर गरेका छन । नेपालको विद्युतको बजार दक्षिण एशियाली मुलुक बंगलादेश समेत भएको छ । समारोहमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, बङ्गलादेशको वन, वातावरण, जलवायु परिवर्तन तथा जलस्रोतमन्त्री सैयदा रिजवाना हसनको उपस्थितिमा थियो । यस्तै, सो अवसरमा दुवै देशका उच्च सरकारी अधिकारीको समेत उपस्थिती थियो ।

प्राधिकरणले भारतीय एजेन्सी एनभिभिएनलाई बिजुली उपलब्ध गराउनेछ। सो कम्पनीले भारतीय संरचना प्रयोग गरेर बिजुली बङ्गलादेश पुर्‍याउनेछ। नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय प्रसारण लाइन हुँदै विद्युत् निर्यात गर्न लागिएको छ । कूल चार सय केभी क्षमताको सो प्रसारण लाइनमार्फत पठाइएको बिजुलीको हिसाब मुजफ्फरपुरमा राखिनेछ। मुजफ्फरपुरदेखि भारतको प्रसारण लाइनमार्फत ९बेहरामपुर-भेडामारा चार सय केभी ० बिजुली बङ्गलादेश पुग्नेछ। प्राधिकरणले २५ मेगावाट क्षमताको त्रिशूली र २२ मेगावाट क्षमताको चिलिमे जलविद्युत् आयोजनाको बिजुली बङ्गलादेश निर्यात गर्ने तयारी गरेको छ। ती दुवै आयोजनाको बिजुली भारत निर्यातका लागि स्वीकृति पाइसकेकाले पनि सहज भएको छ । प्राधिकरणले वर्षायामको पाँच महिना जुन १५ देखि १५ नोभेम्बरसम्म० बङ्गलादेशलाई बिजुली निर्यात गर्नेछ। पूर्ववत् समझदारी अनुसार पाँच महिनामा एक लाख ४४ हजार मेगावाट घण्टा बिजुली निर्यात हुनेछ । प्राधिकरणले पाँच वर्षसम्म वर्षायामका छ महिना ४० मेगावाट बिजुली बङ्गलादेशलाई बिक्री गरिने जनाएको छ। बिहीबार भएको सम्झौता मध्यकालीन हो । प्रतियुनिट आठ रुपैयाँ १७ टाका ९ नौ रुपैयाँ ३० पैसामा प्राधिकरणले बिजुली बिक्री गर्नेछ । लामो गृहकार्य र छलफलपछि अन्ततः नेपालको बिजुली बङ्गलादेश जाने सम्झौतामा हस्ताक्षर भएको हो । 'टोकन' कै रुपमा भएपनि नेपालको बिजुली बङ्गलादेश पुग्नु ऊर्जा क्षेत्रका लागि महत्वपूर्ण उपलब्धिका रुपमा लिइएको छ । बुधबार मात्रै दुई देशका उच्च अधिकारीबीच विद्युत् खरिद बिक्री सम्झौतामा हस्ताक्षर गर्ने सहमति भएको थियो ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवं प्रवक्ता चिरञ्जीवी चटौतका अनुसार, दुई देशका सचिवस्तरीय संयन्त्रको निर्णयानुसार आज सम्झौतामा हस्ताक्षर भएको हो । केही दिनभित्रै प्राधिकरणले बङ्गलादेश बिजुली निर्यात सुरु गर्ने जनाइएको छ । बङ्गलादेशमा भएको राजनीतिक परिवर्तनका कारण पछाडि सरेको विद्युत् व्यापार सम्झौताका विषयमा पछिल्ला दिनमा सघन छलफल हुँदै आएको थियो । यसैबचिमा दुई देशका ऊर्जा सचिस्तरीय संयुक्त निर्देशक समितिको बुधबार मात्रै सम्पन्न भयो । सो बैठकमा नेपालको तर्फबाट ऊर्जासचिव सुरेश आचार्य र जनगणतान्त्रिक बङ्गलादेश सरकारका तर्फबाट विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका वरिष्ठ सचिव मोहम्मद हबिवुर रहमानको सहअध्यक्षता थियो ।

यस्तै, दुई देशबीच सुनकोशी तेस्रो जलविद्युत् आयोजना ९नेपाल, बङ्गलादेश र भारतबीच० सहकार्यपूर्ण सहभागिताका आधारमा विकास गर्ने र सो आयोजना विकास गर्ने सम्बन्धमा प्राधिकरण र बङ्गलादेशको पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त कम्पनी स्थापना गर्नेसम्बन्धी संयुक्त उपक्रम सम्झौता आगामी सचिवस्तरीय संयन्त्रको बैठक अगावै टुङ्गो लगाउने सहमति भएको छ । नेपाल र बङ्गलादेशबीच विद्युत् व्यापारका लागि प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनको प्राविधिक र आर्थिक पक्षको अध्ययन हुने भएको छ । नेपालको जलविद्युत् क्षेत्रमा लगानी प्रवर्द्धनका लागि बङ्गलादेशको निजी क्षेत्रलाई आकर्षित गर्न आवश्यक पहल गरिनेछ ।

त्यस्तै नेपाल, बङ्गलादेश र भारतबीच विद्युत् व्यापार, अन्तरदेशीय प्रसारण लाइन निर्माणलगायत विद्युत् क्षेत्रमा सहकार्यका लागि द्विपक्षीय बैठकमा त्रिपक्षीय संयन्त्र बनाउन आ-आफ्नोतर्फबाट पहल गरिनेछ । गत असारमा नै विद्युत् व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने तयारी थियो । दुई देशका ऊर्जा सचिवस्तरीय बैठकका अवसरमा सम्झौताको तयारी गरिए पनि अन्तिममा स्थगित भएको थियो। बङ्गलादेशमा भएको राजनीतिक परिवर्तनका कारण नेपाल, भारत, बङ्गलादेशका ऊर्जामन्त्रीको उपस्थितिमा सम्झौताको तयारी गरिए पनि अन्तिम समयमा आएर स्थगित भएको थियो । पुनः दोस्रो पटक गत साउन १३ मा नेपाल, भारत र बङ्गलादेशका ऊर्जामन्त्रीको उपस्थितिमा त्रिपक्षीय सम्झौताको तयारी गरिएको थियो । यस्तै, नेपाल र बङ्गलादेशका ऊर्जा सचिवस्तरीय बैठकको समेत आयोजना गरिएको थियो । तत्कालीन समयमा बङ्गलादेशको राजनीतिक परिवर्तनले सो कार्यक्रम स्थगन हुन पुग्यो। बङ्गलादेशको अन्तरिम सरकारले पनि बिजुली लैजाने विषयमा सघन छलफल गरिरहेको र आवश्यक पहल भइरहेको थियो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# डहरेमा ५० किलोको घण्टी

पोखरापत्र संवाददाता

वालिङ, १७ भदौं

स्याङ्जाको अर्जुचौपारी गाउँपालिका ५ आरुचौरमा रहेको बालसिद्ध मोक्षद्धारी आश्रम डहरे देउराली मन्दिरमा ५० केजीको घण्टी दान गरिएको छ ।

साविक आरुचौर ४ बाट बसाइसराई गरी चितवन, नवलपुर, धनगडी, बुटवल, पोखरा गएका कारिम्ले परिवार हरुबाट घटस्थापनाको अवसरमा डहरे देउराली मन्दिरलाई घण्टी दान गरेका हुन् । जिल्लाकै एकमात्र पबित्र धार्मिक स्थल जहाँ पुगेपछि मोक्ष प्राप्त हुन्छ भन्ने विश्वास लिइदै आएको डहरे देउरालीमा घटस्थापनाको अवसर पारेर घण्टी राखिएको सहभागी मध्येका डिल्लिराम सिग्देलले बताए । झण्डै २ लाख भन्दा बढी मुल्य बराबरको घण्टी डहरे देउरालीको अग्लो चुचुरोमा झुण्डाइएको उनले बताए । दर्शन गर्न आउने धार्मिक व्याक्तिहरुले भगवानको पूजाआजापछि



घण्टी बजाउन सहज हुने सिग्देलले बताए । डहरे मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अशोक श्रेष्ठलाई उक्त घण्टी सहित मन्दिरको भौतिक निर्माण सहयोग गर्ने अवसर प्रदान गरेको भन्दै उक्त परिवारले धन्यवाद समेत दिएको छ ।

धार्मिक र पर्यटकीय रुपमा पहिचान बोकेको डहरे देउराली स्याङजा र पर्वत जिल्लाको सिमानामा रहेको छ । यहाँबाट हिमश्रखलाहरु सहित दुईदर्जन जिल्लाहरु अवलोकन गर्न सकिन्छ ।

# बागलुङ कालिकामा दर्शनार्थीको घुइँचो

पोखरापत्र संवाददाता

बागलुङ, १७ भदौं

दसैंको पहिलो दिन घटस्थापनाका अवसरमा आज बागलुङ कालिका भगवती मन्दिरमा भक्तजनको घुइँचो लागेको छ ।

प्रसिद्ध शक्तिपीठ भएकाले दसैं र चैतेदसैंमा यहाँ भक्तजन धेरै आउने गर्छन् । चितवन, बुटवल, स्याङ्जा, पोखरा र अन्य छिमेकी जिल्लाका भक्तजन यहाँ आउने गरेको कालिका भगवती गुठीका अध्यक्ष कुमार खड्काले बताउनुभयो । सोह्र श्राद्धमा मुक्तिनाथ गएका भक्तजन पनि फर्किने क्रममा यहाँ दर्शन गर्न आएपछि मन्दिरमा भीड लागेको थियो । "मुक्तिनाथ पुगेर श्राद्ध गरियो, कालिका पनि दर्शन गरेर फर्कन पर्‍यो भनेर आयौं, कालिकामा पूजा गरेपछि मनमा शान्ति मिल्छ," पोखराबाट आउनुभएका पोषण शर्माले भन्नुभयो, "बागलुङ कालिका हाम्रो आस्थाको धरोहर हो ।"

होटल व्यवसायी सङ्घका जिल्ला अध्यक्ष निलेश राजभण्डारीका अनुसार केही दिनदेखि होटलहरु भरिभराउ छन् । मन्दिरमा कति भक्तजन आए भन्ने यकिन तथ्याङ्क छैन । खपत भएका नरिवल र बलिको सङ्ख्याका आधारमा अनुमान गर्ने गरिएको छ । हरेक वर्ष दसैंमा चार लाख बढी नरिवल बिक्री भएको तथ्याङ्क छ ।

चैतेदसैंमा पनि यहाँ भीड लाग्ने गर्छ । पाँच सय वर्ष अघि स्थापना भएको यस मन्दिरमा नियमित पूजा हुँदै आएको किम्वदन्ती छ ।

# म्याग्दीको मुदीमा स्वास्थ्यचौकी भवन निर्माण

पोखरापत्र संवाददाता

म्याग्दी, १७ भदौं

धवलागिरि गाउँपालिका-४ मुदीमा रु ८९ लाखको लागतमा सात कोठाको दुईतले स्वास्थ्यचौकी भवन निर्माण भएको छ ।

स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका वडाअध्यक्ष यामप्रसाद घर्तीले नयाँ भवनबाट सेवा सञ्चालन गरिएको जानकारी दिनुभयो । "वडा कार्यालय र स्वास्थ्यचौकी साँघुरो भवनबाट सञ्चालन गर्दा सेवा प्रवाहमा समस्या भएको थियो," उहाँले भन्नुभयो, "स्वास्थ्यचौकी निर्माण भएपछि सेवा प्रवाह सहज भएको छ ।"

सातवटा वडा रहेको धवलागिरि गाउँपालिकाले अघिल्लो वर्ष वडा नं १ गुर्जा र वडा नं ३ मुनामा पनि स्वास्थ्यचौकीको नयाँ भवन निर्माण गरेको थियो । वडा नं ७ ताकममा पाँच शय्या क्षमताको अस्पताल भवन निर्माणाधीन छन् ।

# भूमेश्वरमा समाजसेवी पौडेलको सहयोगमा ट्रस्ट निर्माण हुने

पोखरापत्र संवाददाता

पोखरा, १७ असोज

पोखरा १९ घार्मी मैदानमा रहेको भूमेश्वर आधारभूत विद्यालयमा टस्ट निर्माण हुने भएको छ ।

घार्मी फेदी निवासी समाजसेवी एकनाथ पौडेलको सहयोगमा विध्यार्थीहरुलाई खाजा खादा बस्न मिल्ने गरी ट्रस्ट निर्माण गरिने भएको छ । ट्रस्टको बिहिबार बिहान घटस्थापनाको शुभ साहित पारेर शिलन्यास गरियो । विद्यालय अक्षयकोश समितिका संयोजक तथा विद्यालयका पूर्व प्र अ समेत रहनु भएका मोहन प्रसाद पौडेलको उपस्थितिमा समाजसेवी पौडेलले ट्रस्टको शिलान्यास गर्नुभयो । शिलन्यास पछि बोल्दै सहयोगदाता एकनाथ पौडेलले ट्रस्ट निर्माणको सम्पूर्ण लागत रकम सहयोग गर्ने बताउनु भयो । आफूले अक्षराम्भ गरेको विध्यालयमा समय समयमा पस्दा, बस्दा बालबालिकाहरुले खुल्ला चौर र वरण्डामा बसेर खाज खाइरहेको देखेर आफूलाई मनमा बिजेको बताउदै



विध्यालयमा खाजा खुवाउने ट्रस्ट अत्यावश्य रहेको देखेपछि यो दशै बिदाको अवसर पारेर निर्माण गर्न लागिएको बताउनु भयो । आफू पढेको विध्यालय आफूलाई अत्यन्त प्यारो लाग्ने बताउने समाजसेवी पौडेलले यस अघि पनि विद्यालयलाई विध्यार्थीहरुका लागि ड्रेस आदि विभिन्न भौतिक सामाग्रीहरु सहयोग गर्दै आउनु भएको छ।

विद्यालयका अध्यक्ष रामप्रसाद पौडेलले, पौडेलले गरेको सहयोग विद्यालयका लागि अमुल्य रहेको बताउदै, आगामी दिनमा पनि सहयोगको अपेक्षा गर्नुभयो ।

वडाकै पुरानो विद्यालयका रूपमा रहेको सो विद्यालयमा कक्षा वाल विकास देखि ५ सम्म पठनपाठन हुदै आएको छ ।

# गण्डकीका सञ्चारकर्मीलाई कृषि पत्रकारिता तालिम

पोखरापत्र संवाददाता

तनहुँ, १७ असोज

कृषिकर्मका नवीन अभ्यासबारे किसानलाई जानकारी दिँदै उनीहरूलाई कृषिको व्यावसायिकीकरण र आधुनिकीकरणमा अभिप्रेरित गर्ने उद्देश्यले कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रले गण्डकी प्रदेशका क्रियाशील पत्रकारलाई तालिम दिएको छ ।

गण्डकी प्रदेशका नौ जिल्लाका ३० पत्रकार सम्मिलित तीनदिने कृषि पत्रकारिता तालिममा कृषि प्रविधि, किसानका समस्या र गाउँपालिकाका गतिविधिका साथै कृषि क्षेत्रको विस्तार, कृषि विकासमा आमसञ्चार र पत्रकारिताको भूमिकाबारे व्यावहारिक ज्ञान दिइने कृषि तालिम केन्द्रका निमित्त प्रमुख नीलकण्ठ पोखेलले बताउनुभयो ।

गण्डकी प्रदेश भूमि व्यवस्था तथा कृषिमन्त्री पदमाकुमारी जिसीले बुधबार पोखरामा तालिमको उद्घाटन गर्दै देशको आर्थिक विकासका निम्ति कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिएर सबैले काम गर्नुपर्नेमा जोड दिनुभयो । "मुलुकको समृद्धिको आधार नै कृषि क्षेत्र हो," उहाँले भन्नुभयो ।

तालिममा कृषि विकास निर्देशनालयका महानिर्देशक वासुदेव रेग्मी र कृषिविज्ञ कुलराज चालिसे, अनिल सुवेदी, खोज पाठशालाका पत्रकार रामचन्द्र बरालले पत्रकारिताका नवीन अभ्यासबारे जानकारी दिँदै विकास र खोज पत्रकारिता गर्न प्रशिक्षार्थीहरूलाई आग्रह गर्नुभयो ।


# बिरुवा गाउँपालिका भित्र भएर बग्ने बास्तारा खोला, मेम खोला तथा ज्याग्दी खोलाको विभिन्न घाटहरुबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१८)**

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, बिरुवा गाउँपालिकामा बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम तथा ठेगाना | बिरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बिरुवा, स्याङ्जा, गण्डकी प्रदेश | | |
|---|---|---|---|
| प्रस्तावकको व्यहोराः बिरुवा गाउँपालिका भित्र भएर बग्ने बास्तारा खोला, मेम खोला तथा ज्याग्दी खोलाको विभिन्न घाटहरुबाट ढुंगा, गिट्टी तथा वालुवा नदि जन्य पर्दाथ संकलन/उत्खनन् गर्ने | नदी/खोला नाम | प्रभावित वडाहरु | उत्खनन क्षेत्र/बगर |
| | मेम खोला | ४ र ५ | अम्बोट बगर |
| | मेम खोला | १ | दोभान घाट |
| | बास्तारा खोला | १ | राङ्सेबोट घाट |
| | ज्याग्दी खोला | १ | बगैंचा बगर |
| | ज्याग्दी खोला | ६ | लाटेपिपल घाट |
| | ज्याग्दी खोला | ६ | लामाखेत घाट |
| | ज्याग्दी खोला | ६ | भुवान घाट |
| | ज्याग्दी खोला | ६ | गैरी घाट |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | स्याङ्जा जिल्ला, बिरुवा गाउँपालिका | | |
| उक्त कार्यसँग सम्बन्धित सार्वजनिक सुनुवाई कार्यक्रम | मितिः २०८१/०७/०४ गते आइतबार विहान ११:३० बजे<br>स्थानः विरुवा गाउँपालिका वडा नं. ६ को लामाखेतमा | | |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न बिरुवा गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्रचार गर्ने ठेगाना**

१. बिरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बिरुवा, स्याङ्गजा,
फोन नं. ०६१-६२०९१४, इमेलः biruwaruralmun@gmail.com

२. ग्रीनहेराल्ड इन्भाइरोमेन्टल एण्ड रिसर्च कन्सल्टेन्ट प्रा.लि., काठमाडौं,
इमेलः geec.nepal@gmail.com, फोन नं. ९८४६४०४११८

# 'चाहिँदैन मलाई सिसाको महल...'

**रासस**
गण्डकी, १७ असोज

'चाहिँदैन मलाई सुनको दरबार
चाहिँदैन मलाई हिरामोती हार
यसै राम्रो छ मेरो पैदल यात्रा
चाहिँदैन मलाई टल्कने कार...'

जनगायक जीवन शर्माले यो गीत गाउँदा दर्शकदीर्घाबाट एकनासले तालीको गड्गडाहट सुनिन्थ्यो । कसैले शर्माको स्वरमा स्वर मिलाए, कतिले नाचेर साथ दिए । बुधबार सन्ध्यापख जनगायक शर्मालाई रक्तिम सांस्कृतिक अभियानले पोखरा सभागृहको मञ्चमा उभ्याएपछिको माहोल यस्तै थियो । उहाँले 'चाहिँदैन मलाई सिसाको महल...', 'सिमली छायाँमा बसी...' लगायत आफ्ना चर्चित सुनाउनुभयो ।

वर्षौंपछि घर फर्केको प्रवासीको मनोभावना समेटिएको 'म हिँडेको गाउँको बाटो मुस्कुरायो...' बाट गाउन सुरु गर्नुभएका शर्माले पूरा अवधि दर्शकको मन जितिरहनुभयो ।

गायन प्रस्तुति सँगसँगै उहाँले गीतको रचनागर्भ, तत्कालीन समाज र परिवेशबारे पनि प्रसङ्ग उप्काउन भ्याउनुभयो । शर्माले गणतन्त्र स्थापनापछि पनि भ्रष्टाचारले मुलुकलाई गाँजिरहेपछि



'चाहिँदैन मलाई सुनको दरबार...' गीत जन्मिएको सुनाउनुभयो । "भ्रष्टाचार गरेर ठुल्ठूला दरबारमा बस्ने, चिल्ला कार चढ्ने र कालो धन थुपार्नेको मनमा चिसो पस्छ कि भनेर यो गीत गाएको हुँ तर सोचेजस्तो हुनसकेको छैन, अहिले पनि अवस्था उस्तै छ", शर्माले भन्नुभयो ।

उहाँले श्रम र पसिना बगाएर सम्पत्ति आर्जन गर्नेहरूका प्रति भने आफूले सधैँ सम्मान गर्ने बताउनुभयो । "राम्रो घर, गाडी त श्रमिक र मजदुरले पनि पाउनुपर्छ, मालिकले मात्र होइन, तिनै गरिब, सर्वहाराको सुदिन पक्कै आउँछ भन्दै हामीले गीत गाउँदै हिँडेका छौँ", उहाँले भन्नुभयो । उहाँले सुशासन र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि सांस्कृतिक फाँटबाट आफूहरूले सधैँ राज्यलाई घच्घच्याइरहेको बताउनुभयो । शर्माले नेपालको जनसांस्कृतिक आन्दोलनलाई नयाँ ढङ्गले पुनःजागृत गर्नुपर्ने बेला आएको धारणा राख्नुभयो । उहाँले आफ्नो बहुचर्चित गीत 'सिमली छायाँमा बसी...' गाउँदा कार्यक्रममा सहभागी राजनीतिक दलका नेता, जनप्रतिनिधिलगायत मञ्चमै उक्लेर नाचेका थिए ।

उक्त विविध जनसांस्कृतिक कार्यक्रममा रक्तिम र सामना परिवारका कलाकारले गीत, नृत्य र अभिनयका माध्यमबाट समाजका विसङ्गतिमाथि खबरदारी गरेका थिए । न्याय, मुक्ति र समानताका पक्षमा कलाकारहरूले स्वर भरे । सर्वहारा वर्गका दुःख, वेदना र सङ्घर्षका कथालाई गीतमा प्रस्तुत गरे । दर्जन बढी कलाकारले कार्यक्रममा सामूहिक र बेग्लाबेग्लै प्रस्तुति दिएका थिए । कार्यक्रममा थारू समुदायमा प्रचलित गीतसहित टप्पा नाच र अपेरा पनि प्रस्तुत गरिएको थियो । कार्यक्रममा गायक दलबहादुर विकले 'पाखुरी यिनै हुन्...', गायिका सुशीला थापा र उदय रिजालले 'पूर्व क्षितिज...' लगायत गीत सनाउनुभएका थियो ।

व्यवस्था फेर्न जनताले बलिदानीपूर्ण सङ्घर्ष गरे पनि अवस्था उस्तै रहेकाले परिवर्तनका गीत गाउँदै हिँड्नु परिरहेको र समाजमा अहिले पनि विभेद तथा शोषण कायमै रहेकाले गीतसङ्गीतमार्फत खबरदारी गरिरहनुपरको कलाकारहरूको कथन थियो । देशमा देखिएका बेथिति, विसङ्गति, भ्रष्टाचार र महँगीका विरुद्ध सांस्कृतिक सचेतना नथा जनजागरणका लागि सांस्कृतिक अभियान सञ्चालन गरिएको रक्तिम सांस्कृतिक अभियानका अध्यक्ष नारायण शर्माले बताउनुभयो ।

# पोखरा पिस सोसाइटीद्धारा पिस पोस्टर कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

लायन्स क्लब अफ पोखरा पिस सोसाइटीले फेदीखोला गाउँपालिका वडा नं. २ स्थित श्री सिद्धार्थ माविमा पिस पोस्टर (चित्रकला) प्रतियोगिता मंगलबार सम्पन्न गरेको छ ।

लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ जे नेपाल अर्न्तगत रहेको उक्त क्लबले लायन्स इन्टरनेशनलको लायन वर्ष २०२४/२५ को लागि निर्धारण गरेको 'पिस विथआउट लिमिट' को आधारमा रहि गरिएको प्रतियोगितामागाउँपालिकाभित्रका १६ विद्यालयका १७ जना विद्यार्थीहरु विच प्रतियोगिता सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथि फेदीखोला गाउँपालिकाकी उपाध्यक्ष देउकुमारी गुरुङले उद्घाटन गर्दै पिस पोस्टर कार्यक्रमले विद्यार्थीहरुमा पढाईको साथै अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको भविष्य उज्जल बनाउन महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै कार्यक्रम सफलताको कामना गरेकी थिइन ।

कार्यक्रममा डिस्ट्रिक्ट पिस



पोस्टर चिफ कमल बहादुर वस्नेत, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नेत्रबहादुर कार्की, रिजन चियर पर्सन सवि शेरचन, जोन चियर पर्सन कुशराज तिमिल्सिना, चित्रकार लाल कार्की अन्जान लगाएतले वोल्नु भएको थियो ।

प्रतियोगितामा लिटिल फ्लावर इङ्लिस वोर्डिङ स्कुलकी छात्रा क्लेक्स थापा प्रथम, श्री सिद्धार्थ माविका छात्रा स्नेहा थापा दोश्रो र श्री देउराली आविका छात्र सिजन थापा तृतिय भएका क्लब प्रशाशनिक प्रमुख विमल खड्काले वताए । प्रतियोगितामा प्रथम, दोश्रो र तृतिय हुनेलाई क्रमशः ३ हजार, २ हजार र एक हजार नगद पुरस्कारका साथ प्रमाणपत्र, चित्रकला सामाग्री, खादा अविरद्धारा सम्मान गरिएको थियो भने सहभागि सबैलाई सहभागिताको प्रमाण पत्र तथा चित्रकला सामाग्री प्रदान गरिएको थियो । १३ वर्ष मुनिका विद्यार्थीहरुका विच मात्र प्रतिस्पर्धा हुने उक्त प्रतियोगितामा प्रथम भएकी छात्रा अन्तर्राष्ट्रिय प्रतियोगिता छनौटको लागि योग्य भएको क्लबका निर्वतमान अध्यक्ष सुर्य प्रसाद घिमिरेले वताए ।

प्रतियोगितामा निर्णायक डिस्ट्रिक्ट पिस पोस्टर चिफ कमल बहादुर वस्नेत, चित्रकार लाल कार्की अन्जान र गाउँपालिका खेलकुद तथा शिक्षा विभाग प्रमुख विष्णु माया पौडेल रहेका थिए ।

लायन्स क्लब अफ पोखरा पिस सोसाइटीका अध्यक्ष नरेन्द्र कुमार कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत तथा उद्धेश्यबारे कार्यक्रम संयोजक क्लबका पूर्व अध्यक्ष लोक बहादुर कुँवर र संचालन उपाध्यक्ष वासु पौडेलले गरेका थिए ।

# सरस्वती श्रेष्ठ 'सरू' लाई गीतकार सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

गीतकार सरस्वती श्रेष्ठ 'सरू' लाई गीतकार सम्मान २०८१ प्रदान गरिएको छ ।

गीतकार प्रतिष्ठान, नेपालले बिहीबार पोखरामा आयोजना गरेको आफ्नो चौथो साधारण सभाका अवसरमा सरूलाई नगद ५ हजार ५५५ रुपियाँ, दोसल्ला र सम्मानपत्रसहित सम्मान प्रदान गरेको हो । सरूलाई कवि तथा गीतकार रमेश श्रेष्ठ, हरिदेवी कोइराला र संस्थाका अध्यक्ष शीतल गिरीले सम्मान गरे ।

लमजुङमा जन्मेर पचासको दशकको सुरुदेखि नै पोखरालाई कर्मथलो बनाएर साहित्यिक क्षेत्रमा क्रियाशील सरूको प्रकाशन यात्रा २०४९ मा गीतबाटै भएको थियो । आफ्नो पहिलो कृति पनि 'थुँगा थुँगा जिन्दगानी' नामक गीत सङ्ग्रह प्रकाशन गरी सुरु गरेकी सरूको त्यसपछि 'एक झुल्को घाम ओर्लेर सडकमा' र 'फूलहरूको आँधी' गरी दुई कविता सङ्ग्रह र 'किट्टी' नामक बालकथा सङ्ग्रह प्रकाशित छन् । आफू लमजुङ हुँदै साहित्यिक लेखन सुरुवात गरे पनि पोखराले आफूलाई विशेष पहिचान दिएको सरूले



बताइन् । गीतका क्षेत्रमा आफू लामो समयदेखि लागे पनि रेकर्ड भएका गीतको सङ्ख्या कम भएको बताउँदै उनले गीत लेखन आफ्नो मुख्य जिम्मेवारी भएको बताइन् । सम्मानले आफूलाई गीति क्षेत्रमा केही गर्नका लागि थप हौसला दिएको भन्दै गीतकारहरूको हकहितका लागि पोखराका अग्रज गीतकार हरूले देखेको सपना गीतकार प्रतिष्ठानले पूरा गरेको सरूको धारणा थियो । कार्यक्रमका प्रमुख अतिथि गीतकार रमेश श्रेष्ठले गीतकारको पहिचानका लागि सबै लागिपर्नुपर्नेमा जोड दिए । उनले सरस्वती जस्तो एक योग्य प्रतिभालाई सम्मान गरेर गीतकार प्रतिष्ठान स्वयम् सम्मानित भएको धारणा राखे ।

लोकगायिका हरिदेवी कोइरालाले सरूको लेखनमा भएको सरलता र व्यवहारमा भएको हार्दिकताबाट आफू प्रभावित भएको बताइन् । उनले सरूको लेखनले पोखरेली साहित्यिक क्षेत्रमा निकै महत्त्वपूर्ण योगदान गरेको धारणा राखिन् । प्रतिष्ठानका अध्यक्ष शीतल गिरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिभा छनोट समितिका सदस्य भुवन क्षेत्रीले गीतकार सरूको परिचय दिएका थिए । कार्यक्रममा पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, नेपाली लेखक सङ्घ, गण्डकी प्रदेशका अध्यक्ष डा. ईश्वरमणि अधिकारी, पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेल, गायक विनोद बानियालगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन सचिव रुपिन्द्र प्रभावीले गरेका थिए ।

२०७७ सालमा दर्ता भई सञ्चालित प्रतिष्ठानले यसअघि प्रकट पगेनी 'शिव' र शीतल कादम्बिनीलाई गीतकार सम्मान प्रदान गरेको उपाध्यक्ष अनुराग अधिकारीले जानकारी दिए । निवर्तमान अध्यक्ष हरिहर खनियाको संयोजकत्वमा गीतकारद्वय भुवन क्षेत्री र विक्रम पौडेल सदस्य रहेको प्रतिभा छनोट समितिको सिफारिसमा सरूलाई सम्मान प्रदान गरिएको उपाध्यक्ष अधिकारीले जनाए ।

यसै बिच, साधारण सभाले सचिवको प्रगति प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन सर्वसम्मत रूपमा पारित गरेको छ ।

# अमरसिंहमा खुल्यो 'दोकान घर'

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

पोखरा महानगरपालिका-१२ अमरसिंहको कुँडहरचोक लाइनमा दोकान घर (ग्रोसरी सप) सञ्चालनमा आएको छ ।

युवा व्यवसायी सूर्य बहादुर गुरुङले अमरसिंहचौरको पछाडि दोकान घर सञ्चालनमा ल्याएका हुन् । उक्त दोकान घरको उद्घाटन बुधबार पोखरा महानगरपालिका-१२ का वडासदस्य तथा युवा नेता शान्तबहादुर थापाले गरे । सो अवसरमा बोल्दै थापाले व्यवसायीक सफलताको कामना गरे । उनले अमरसिंहबाट सञ्चालनमा रहेपनि उक्त दोकान घरले सारा पोखरेलीलाई नै सेवा दिने विश्वास व्यक्त गरे । यस्तै पोखरा १२ का मेलमिलाप समितिका संयोजक तथा कुँडहरचोक टोल विकास संस्थाका अध्यक्ष प्रेम सुवेदीले



ग्राहकको मन जित्न सफल हुनेमा विश्वास व्यक्त गरेका थिए ।

उक्त दोकान घरमा हाल ८ जनाले रोजगारीको अवसरमा पाएका दोकान घरका सञ्चालक युवा व्यवसायी सुर्यबहादुर गुरुङले जनाकारी दिए । उनका अनुसार सो दोकान घरमा नेपाली उत्पादन, दैनिक उपभोग्य तथा खाद्यान्नका समाग्रीहरु उपलब्ध छन् । 'पोखराको अमरसिंह आफैमा चर्चित छ, भान्सामा चाहिने खाद्यान्नदेखि अन्य पेयपदार्थहरु एकै ठाउँबाट किन्न पाउनुहुनेछ । त्यसैले एउटै छानाबाट ग्राहकलाई चाहिने सम्पूर्ण ग्रोसरीका सामानहरु उपलब्ध गराउने उद्देश्यसहित दोकान घर सञ्चालनमा ल्याएका हौं ।' व्यवसायी गुरुङले भने ।

पोखरा महानगरपालिका-१२ अमरसिंहको कुँडहरचोक लाइनमा रहेको दोकान घरले होम डेलिभरीको व्यवस्थासमेत गर्नेछ ।

# घारीकुलो सहकारीको साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

पोखरा महानगरपालिका वडा न १७ स्थित घारीकुलो बचत तथा ऋण सहकारी संस्थाको छैटौं बार्षिक साधारण सभा बिहिबार सम्पन्न भयो ।

सभाको पोखरा महानगरपालिका वडा न १७ का वडा सदस्य शिबराम भण्डारीले उद्धाटन गरेका थिए । कार्यक्रममा शेयर सदस्य शालिकराम भण्डारी, सल्लाहकार योगेन्द्र प्रसाद पराजुली, घारीकुलो टोल बिकास संस्थाका अध्यक्ष गोबिन्द गिरि सहितले मन्तव्य व्यक्त गरेका थिए । सो अबसरमा उत्कृष्ट कारोबार गर्ने हिरा न्यौपाने, उत्कृष्ट बचतकर्ता बिमलादेबि पोखेल,



उत्कृष्ट कर्मचारी लेखिका पोखेल आचार्य सहित कक्षा बाह्रमा उत्कृष्ट अंक सहित उतिर्ण शेयर सदस्यका सन्तान बिषेसता पौडेल, प्रणय पौडेललाई सम्मान गरिएको थियो ।

सहकारीका अध्यक्ष पुरन गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष कुमार बस्नेत र संचालन सचिब पबित्रा सुवेदी भण्डारीले गरेको ब्यबस्थापक दिपक लामिछानेले जानकारी दिए ।

सधारण सभाले संस्थाको आर्थिक तथा बार्षिक प्रतिबेदन समेत पारीत गरेको छ ।


## टेम्पल वेल वुटिक होटल एण्ड स्पाको स्तरोन्नतीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१८)**

**गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ०६ स्थित, लेकसाइडमा टेम्पल वेल वुटिक होटल एण्ड स्पा प्रा.लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।**

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | टेम्पल वेल वुटिक होटल एण्ड स्पा प्रा.लि.<br>पोखरा महानगरपालिका–०६ स्थित, लेकसाइड, फोन नं. ९७७–९८५६०३६३६१ |
| प्रस्तावको व्यहोरा | टेम्पल वेल वुटिक होटल एण्ड स्पालाई ६१ कोठा ९५ शय्या क्षमतामा स्तरोन्नती गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला, पालिका | कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ६ |
| जग्गाको कित्ता नं | पोखरा महानगरपालिका, वडा नं.०६ (साविक पोखरा उ.म.न.पा. वडा नं. ६) को कित्ता नं १०३, १०६, १८७ र १८५ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री पोखरा महानगरपालिका, ०६ नं. वडा कार्यालय फोन नं.: ९७७-०६१-४६१५३३
२. श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं फोन नं. ९७७-०१-५३४७०३७, ईमेलः info@tourism.gov.np
३. श्री टेम्पल वेल वुटिक होटल एण्ड स्पा प्रा. लि., पोखरा महानगरपालिका-०६ स्थित, लेकसाइड फोन नं.: ९७७-९८५६०३६३६१
४. श्री ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ प्रा. लि., नयाँ बानेश्वर, काठमाडौं
फोन नं. ९८४१५३१५८२, ईमेलः geec.nepal@gmail.com